# बर्दिबास नगरपालिका

## मेयर छात्रवृति व्यवस्थापन तथा बितरण सम्बन्धि कार्यविधि – २०८०

**प्रस्तावनाः-**

बर्दिबास नगरपालिका अन्तर्गत संचालित बिभिन्न साधारण तथा प्राबिधिक बिद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहनदार ,आर्थिक रुपले बिपन्न,आदिबासी जनजाति,महिला,मधेशी,दलित,अपाङ्ग र सहिद बेपत्ता परिवारका बिधार्थीहरुलाई उच्च शिक्षा ,साधारण शिक्षा तथा प्राबिधिक तथा व्यवसायिक शिक्षा प्राप्त गर्नका लागि आर्थिक रुपमा सहज होस् भन्ने उदेश्यका साथ यस बर्दिबास नगरपालिकाले मेयर छात्रवृति बितरण सम्बन्धि कार्यविधि, २०८० तयार गरी लागु गर्न बान्छनीय भएकाले ,

स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि बर्दिबास नगर कार्यपालिकाले यो कार्यबिधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम " मेयर छात्रवृति व्यवस्थापन तथा बितरण सम्बन्धि कार्यविधि, २०८० " रहेको छ।

ख) यो कार्यविधि नगर अन्तर्गतका प्राबिधिक शिक्षा प्रदान गर्ने बिद्यालय तथा शिक्षालय र ती संस्थाहरुमा साधारण तथा प्राबिधिक शिक्षा ,उच्च शिक्षाका बिषयहरु अधययन गर्ने बर्दिबास नगरपालिकामा स्थायी बसोबास भएका बिधार्थीहरुलाई मात्र केन्द्रित गरेर तयार गरिएको छ तर नगरपालिकाले आवश्यक ठानेको प्राबिधिक उच्च शिक्षाको बिषयहरुमा अध्ययन अनुसन्धान गर्न पालिका बाहिर पनि जान सक्नेछ ।

ग) यो कार्यविधि बर्दिवास नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ,

(क) "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका बुझ्नु पर्छ।

(ख) " प्रमुख" भन्नाले बर्दिवास नगरपालिकाको नगर प्रमुखलाई बुझ्नु पर्दछ।

(ग) " उपप्रमुख " भन्नाले बर्दिवास नगरपालिकाको उपप्रमुखलाई बुझ्नु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिकालाई बुझ्नु पर्नेछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्नेछ।

प्रल्हाद कुमार क्षेत्री
नगर प्रमुख

(च) "नगरशिक्षा समिति" भन्नाले बर्दिवास नगरपालिकाको नगरशिक्षा समितिलाई सम्झनु पर्दछ।

(छ) " बिद्यालय वा शिक्षालय " भन्नाले साधारण तथा प्राबिधिक बिषय अध्ययन अध्यापन हुने शैक्षिक संस्थालाइ सम्झनु पर्दछ।

(ज)" ऐन" भन्नाले शिक्षा ऐन २०२८ (संसोधन सहित) लाई सम्झनु पर्दछ।

(झ) " नियमावली " भन्नाले शिक्षा नियमावली " २०५९ ( संसोधन सहित)लाई सम्झनु पर्दछ ।

(ञ) "जेहन्दार बिधार्थी " भन्नाले छात्रवृतिका लागि आवेदन दिएका बर्दिबास नगरपालिका भित्र स्थायी बसोबास भएका बिधार्थीहरु मध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको बिधार्थी सम्झनु पर्दछ ।

(ट) "सामुदायिक विद्यालय " भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ठ) " नगर शिक्षा शाखा प्रमुख" भन्नाले नगरपालिका भित्र स्थानीय तहको शिक्षा संचालन, व्यबस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएको कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा शाखाको वरिष्टतम कर्मचारी बुझ्नु पर्दछ ।

(ड) " शिक्षा युवा तथा खेलकुद शाखा " भन्नाले बर्दिबास नगरपालिकांको शिक्षा ,युवा तथा खेलकुद शाखा जनाउँछ।

(ढ) " प्राबिधिक छात्रवृति " भन्नाले प्राबिधिक बिषय अध्ययन गर्ने बिधार्थीका लागि प्रदान गरिने छात्रवृत्ति बुझ्नुपर्छ।

(ण)"समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित छात्रवृति बितरण तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(त)"तोकिए बमोजिम " भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद – २

## छात्रवृति व्यवस्थापन तथा बितरण समिति

**२.१ मेयर छात्रवृति व्यवस्थापन तथा वितरण गर्न तपसिल बमोजिमको एक समिति रहने छ :**

क) नगर शिक्षा समितिका संयोजक – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यपालिकाको सदस्यमध्येबाट नगर प्रमुखले तोकेको एक जना – सदस्य

घ) सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्येबाट संयोजकले तोकेको एक जना – सदस्य

ङ) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख – सदस्य

च) शिक्षा युवा तथा खेलकुद शाखाका अधिकृत – सदस्य सचिव

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

## परिच्छेद – ३

## छात्रवृति प्रदान गर्ने बिधार्थी छनोटका प्रक्रियाहरु

**३.१ साधारण तथा प्राबिधिक बिषय अध्ययन गर्ने बिधार्थी छनोट गर्दा तपसिल बमोजिमका प्रक्रिया अपनाउनु पर्नेछ :**

क) साधारण तथा प्राबिधिक बिषय अधययन गर्ने बिधार्थीलाई छात्रवृति प्राप्त गर्नका लागि नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा निबेदन सहित फारम भर्न आव्हान गरि अनुसूची – २ बमोजिका आधारहरु सहित सुचना प्रकाशित गर्ने

ख) बिधार्थीहरुबाट प्राप्त निबेदन अनुसूची – २ बमोजिमका आधारबमोजिम हुने गरि छुट्टा छुटै दर्ता गर्ने

ग) दर्ता भएका निबेदन ,बिधार्थीहरुका कागजात तथा प्रमाणपत्र रुजु गर्ने

घ) उपदफा ख र ग बमोजिमका बिधार्थीहरुका बिवरण र प्रमाणित कागजातको आधारमा अनुसूची – ३ अनुसारको ढांचामा बिधार्थीलाई अंक प्रदान गर्ने

) प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम तयार गर्ने

च) तयार गरिएको योग्यता क्रम समितिमा पेश गर्ने र समितिले छात्रवृतिका लागि बिधार्थीको छनोट गर्ने

छ) नगरपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखाले छनोट भएका बिधार्थी अध्यनरत बिधालय/ क्याम्पसको खातामा एकमुस्ट रुपमा निकाशा गर्ने र छनोट भएको बिधार्थीको नाम नामेशी तथा रकम सहितको निकाशा पत्र समेत दिने

ज) रकम प्राप्त भएपछि बिद्यालय/क्याम्पसले सम्बन्धित बिधार्थीहरुलाई छात्रवृति वापतको रकमको बितरण गरि भरपाई नगरपालिकामा पेश गर्नु पर्ने

प्रल्हाद कुमार क्षेत्री
नगर प्रमुख

## परिच्छेद – ४
## बिबिध

४.१ **अनुगमन** : बिधार्थीहरुलाई प्रदान गरिएको छात्रवृति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ सो कार्य गरे वापतको अनुगमन भत्ता बर्दिबास नगरपालिकाको नियमानुसार उपलब्ध हुनेछ

४.२ **कार्यविधिमा संशोधन** : यस कार्यविधिमा संशोधन गर्नु पर्ने भएमा समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ

४.३ **प्रचलित कानुन लागु हुने** : यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएको हदसम्म प्रचलित कानुनको व्यवस्था नै लागु हुनेछ

४.४ **बचाऊ :** यस अघि भए गरेका छात्रवृति वितरणसम्बन्धि कार्य यसै कार्यविधिअनुसार भए गरेको मानिनेछ

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

अनुसूचीहरु :

## अनुसूची – १

**( परिच्छेद (२) को दफा (२.२) को उपदफा (क) संग सम्न्धित )**

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बर्दिबास, महोत्तरी
२०७३
मधेश प्रदेश, नेपाल

| | |
|---|---|
| **बर्दिबास नगरपालिका**<br>नगर कार्यपालिकाको कार्यालय,बर्दिबास,महोत्तरी | |
| **मेयर छात्रवृति व्यवस्थापन तथा बितरण आवेदन फारम** | |
| १ बिधार्थीको नाम : | २. अध्ययनरत तह/कक्षा : |
| ३ स्थायी ठेगाना : | ४ लिङ्ग : |
| ५ जन्म मिति : | ६. अपांगताको किसिम : |
| ७ जाति : | |
| ८ अध्ययनरत बिद्यालय/शिक्षालयको नाम | |
| ९ अध्ययनरत बिद्यालय वा शिक्षालयको किसिम : क) सामुदायिक ख) संस्थागत ग) गुठि घ) अन्य | |
| १० सम्पर्क न. : | ११. बाबुको नाम / थर : |
| १२ आमाको नाम/ थर : | |
| १३ पारिवारिक प्रमुख आयस्रोत : | |
| १४ पारिवारिक आर्थिक अवस्था : गरिबीको रेखामुनि क) रहेको ख) नरहेको | |
| १५ बि.एल.ई. को ग्रेड /जी.पी.ए.: एस.ई.ई / को ग्रेड /जी.पी.ए.: प्रमाणपत्र तहको ग्रेड/जी.पी.ए. : | |
| १६ छात्रवृति फारम भरेको समुह : क) जेहनदार /खुल्ला ख) महिला ग) जनजाति घ) मधेशी /मुस्लिम ङ) दलित च) अपांगता छ) सहिद/बेपत्ता परिवार | |

| **निवेदक**<br>**सम्वधित बिधार्थीको :** | **सिफारिश गर्ने**<br>**सम्बन्धित शिक्षण संस्थाको प्र.अ/ प्राचार्य** | **प्रमाणित गर्ने**<br>**शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख/अधिकृत** |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | पद : |
| सम्पर्क न. : | सम्पर्क न. : | मिति : |

| **बिधार्थी अध्यनरत शिक्षण संस्थाको छाप** | **नगरपालिकाले भर्ने** |
|---|---|
| | फारम दर्ता न<br><br>दर्ता मिति<br><br>दर्ता गरेको नाम :<br><br>हस्ताक्षर :<br><br>न.पा.को छाप |

प्रह्लाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

## अनुसूची – २

### मेयर छात्रवृति व्यवस्थापन तथा वितरण गर्ने आधार

( परिच्छेद (३) दफा(३.१)को उपदफा (क)संग सम्बन्धित )

| क्र.स | छात्रवृति प्रदान गर्ने वर्गहरु | संख्या साधारण तथा प्राबिधिक तर्फ | | | कैफियत |
|---|---|---|---|---|---|
| | | साधारण | प्राबिधिक | जम्मा | |
| १ | जेहन्दार / खुल्ला | | | | |
| २ | महिला | | | | |
| ३ | आदिवासी /जनजाति | | | | |
| ४ | मधेसी / मुस्लिम | | | | |
| ५ | दलित | | | | |
| ६ | अपांग | | | | |
| ७ | सहिद / बेपत्ता परिवार | | | | |
| | **जम्मा संख्या** | | | | |

**नोट : आधार २,३,४,५,६,र ७ बाट छात्रवृतिको लागि बिधार्थी छनोट नभएमा आधार -१ को योग्यताक्रमबाट छनोट गरिनेछ ।**

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिवास, महोत्तरी मधेश प्रदेश, नेपाल

## अनुसूची – ३

### मेयर छात्रवृति व्यवस्थापन तथा वितरण गर्नका लागि बिधार्थी छनोटको मूल्यांकन फारम

( परिच्छेद (३) दफा(३.१)को उपदफा घ) संग सम्बन्धित )

| क्र.स. | मूल्यांकनका आधारहरु | पूर्णाङ्क | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यनरत संस्था | २० | | |
| | क) सामुदायिक | २० | | |
| | ख)गुठि | १८ | | |
| | ग) संस्थागत | १५ | | |
| | घ) अन्य | १२ | | |
| | | | | |
| २ | पारिवारिक अवस्था | २० | | |
| | क) गरिबीको रेखामुनी रहेको | २० | | |
| | ख)नरहेको | १५ | | |
| ३ | परिवारको प्रमुख आयश्रोत | २० | | |
| | क) कृषि | २० | | |
| | ख)बैदेशिक आय | १८ | | |
| | ग) घरभाडा | १७ | | |
| | घ) ब्यापार | १६ | | |
| | ङ) रोजगारी | १५ | | |
| ४ | बि.एल.ई.को ग्रेड/जी.पी.ए. : एस.ई.ई को ग्रेड/जी.पी.ए. : प्रमाणपत्र तहको ग्रेड/जी.पी.ए. | २० | | |
| | क) ३. ६ भन्दा माथि | २० | | |
| | ख) २.८ – ३.५९ सम्म | १७ | | |
| | ग) २ देखि २.७९ सम्म | १४ | | |
| | घ) २ भन्दा कम | १० | | |
| ५ | अन्तर्वार्ता | २० | | |
| | जम्मा | १०० | | |

प्रह्लाद कुमार क्षेत्री
नगर प्रमुख